गजुरी गाउँपालिका

# गजुरी गाउँ कार्यपालिकाको कार्यालय

गजुरी, धादिङ

## आ.व.२०७९/८० को लागि नदीजन्य पदार्थको विक्रिका लागि बोलपत्र आव्हान सम्वन्धी सूचना

**सातौं पटक प्रकाशित मिति : २०७९।०४।०८**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क. र यस गजुरीगाउंपालिकाको आर्थिक ऐन २०७७ को दफा ८ को व्यवस्था बमोजिम नपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुवाट निर्धारित मापददण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी गजुरी गाउंपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नका लागि मिति २०७९/०१/१३ गतेको राष्ट्रिय नागरीक दैनिक पत्रिकामा ३० दिने दोस्रो पटक १५ दिने र तेसौ पटक सात दिने र चौथौ पटक र पाचौ पटक न्युन्तम दरमा संसोधन गरी सात दिने र छैठौ पटक रु ८,२६,२०,०००।०० मा ४ दिने सूचना प्रकाशित गर्दा तोकिएको समय भित्र कुनै पनि फर्म वा कम्पनीले भाग लिन नआएकोले **गजुरी गाँउपालिकाको मिति २०७९/०४/०६ गतेको बैठकको निर्णय अनुसार ठेकेदारले ढुङा, गिट्टी वालुवामा एकमुष्ट रकम बुझाएमा पुर्व निर्णय अनुसार १० प्रतिशत छुट दिने सुचना प्रकासित भएकोमा सोमा १० प्रतिशत थप गरी एकमुष्ट रकम बुझाएमा २० प्रतिशत छुट दिने** गरी यो ७ दिने सूचना प्रकाशित गरिएको हुंदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल :

| सि न | बोलपत्र नं. | बोलपत्रको नाम | विक्रि शुल्क उठाउन पाउने विषय एवं स्वीकृत दररेट | आ.व. २०७९।८० को लागि मिति २०७९/४/१६ गते देखि २०८० असार मसान्त सम्मको न्यूनतम बोलपत्र रकम (मु.अ. कर वाहेक) | उत्खनन् तथा संकलन गर्न पाउने अधिकतम परिमाण | वोलपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | राजस्व १।०७९/८० | ढुंगा, गिट्टी, वालुवा, रोडा, ग्राभेल, स्लेट, बिछ्याउने ढुंगा भट्टामा प्रयोग हुने माटो विक्री शुल्क उठाउने कार्य। | विक्री शुल्क ढुंगा, गिट्टी, वालुवा, रोडा, ग्राभेल, प्रति क्यू फिट ९।०० -नौ रुपैया, माटो क्यू फिट १।००(एक रुपैया मात्र | ८,२६,२०,०००।- आठ करोड छब्बीस लाख बीस हजार रुपैया मात्र) | खोला खानी क्रसर,वालुवाधुने उद्योगहरु समेत गरी जम्मा ३७६६५० घन मिटर | १००००।- | कवोल अंकको ५ प्रतिशत |

**शर्तहरु:**

१. फर्मको नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र आ.व. ०७७/७८को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा रा.वा बैंकशाखा कार्यालय गजुरीमा रहेको यस कार्यालयको स्थानीय तह आन्तरिक राजस्व खाता नं१०५०१००३०१०१०००२ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना सातौं पटक प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। साथै विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। यस कार्यालयमा हार्डकपी वा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ।

२. सातौ पटक सूचना प्रकाशित भएको मितिले ८औं दिन दिनको १२ बजे भित्र विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २.०० बजे घर निर्माण गर्दा ढुङा,गिट्टी,वालुवामा वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ। साथै गजुरी गाँउपालिका भित्र सम्बन्धीत वडाको सिफारीसको अधारमा १०० प्रतिशत कर छुट दिनु पर्नेछ। यस कार्यालयको website .

(नोट) विस्तृत जानकारीको लागि मिति २०७९/१/१३ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा र यस कार्यालयको website www.gajurimunmun.gov.npमा समेत हेर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

ध्रुव प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत